कर्णाली प्रदेशको पहिलो दैनिक

# काँक्रेविहार

www.kankrebihar.com राष्ट्रिय दैनिक




राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १९० | बिहीवार, १० वैशाख, २०८३ | Thursday, 23 April 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०

## भ्रुप्रा खोलाको बस्ती बाढीको उच्च जोखिममा

काँक्रेविहार संवाददाता
वीरेन्द्रनगर, ९ वैशाख

वीरेन्द्रनगर नगरपालिका-११ स्थित भ्रुप्रा खोला किनारको बस्ती वर्षायाममा बाढीको उच्च जोखिममा रहेको औंल्याइएको छ। मुगोल मिडियाद्वारा वीरेन्द्रनगरमा आयोजित 'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी मिडिया एड्भोकेसी' कार्यक्रममा सहभागी वक्ताहरूले अनियन्त्रित बालुवा उत्खननका कारण सो बस्ती संकटमा परेको बताएका हुन्। कार्यक्रममा पत्रकार मानबहादुर वलीले 'फोटो स्टोरी' मार्फत बस्तीको वर्तमान वस्तुस्थिति प्रस्तुत गर्दै भ्रुप्रा खोलामा २०७७ सालदेखि मेसिनमार्फत भइरहेको बालुवा/गिट्टी उत्खननले भेरी किनार नजिकको बस्तीलाई बाढीको प्रत्यक्ष जोखिममा पारेको जानकारी दिए।

पत्रकार वलीको प्रस्तुतीकरण अनुसार सो बस्तीमा हाल करिब १८३ घरपरिवार रहेका छन्। तर, वीरेन्द्रनगर नगरपालिकासँग उक्त बस्तीको एकिन घरपरिवार र जनसंख्याबारे कुनै आधिकारिक तथ्याङ्क छैन। स्थानीय सरकारले बस्तीमा बाढीको पूर्वतयारी र सुरक्षाका लागि प्राथमिकता दिन नसकेको तथ्य पनि फोटो स्टोरीमा समेटिएको छ।

२०७७ सालयता वीरेन्द्रनगर नगरपालिका र लेकवेशी नगरपालिकाले आलोपालो नियमित ठेक्का प्रक्रियामार्फत मेसिन प्रयोग गरी बालुवा उत्खनन गर्दै आएका छन्। यसरी मेसिनको प्रयोगले खोला गहिरिँदै जाँदा वर्षाको समयमा बस्ती नै कटानमा पर्ने खतरा बढेको छ।

फोटो स्टोरी पश्चात भएको प्यानल डिस्कसनमा बोल्दै वीरेन्द्रनगर नगरपालिकाको विपद् व्यवस्थापन समिति संयोजक खिमलाल देवकोटाले आगामी बजेटमार्फत यो बस्तीलाई व्यवस्थित गर्न ध्यान दिइने बताए। उनले भने, "अधिकांशको दोहोरो घर हुनु र बाहिरबाट अस्थायी रूपमा आयआर्जनका लागि मानिसहरू आउने गरेकाले बस्ती व्यवस्थापनमा केही जटिलता देखिएको हो, तर अब हामी यसलाई प्राथमिकतामा राख्छौं।

त्यस्तै, वीरेन्द्रनगर नगरपालिकाका विपद् जोखिम न्यूनीकरण फोकल पर्सन प्रकाश पौडेलले नीतिगत सुधारसहित बस्ती व्यवस्थापनमा नगरपालिकाले ध्यान दिने प्रतिबद्धता व्यक्त गरे। युएनडिपीको 'सहरी विपद् तथा भूकम्पीय पूर्वतयारी परियोजना' (सुपर-२) को प्राविधिक सहयोगमा आयोजित उक्त कार्यक्रममा पत्रकार वलीले भ्रुप्रा खोला मात्र नभई वीरेन्द्रनगर नगरपालिकाका विभिन्न १० वटा क्षेत्रका विपद् जोखिम र व्यवस्थापनका पक्षहरूलाई फोटोस्टोरीमार्फत उजागर गरेका थिए। प्रस्तुतीकरणमा भ्रुप्रा खोलाको जोखिमसँगै निकास खोलाको डुबान, इत्राम खोला किनारको असुरक्षित आवास, रातानाङ्लाको मौसमी राडारको अवस्था, राउटे समुदायको विपद् जोखिम र नगरपालिकाको आपत्कालीन तयारीका पाटाहरू समावेश थिए।

# पहुँचमैत्री व्यवस्था नहुँदा अपांगता भएका व्यक्तिलाई लाइसेन्स लिन कठिनाइ

काँक्रेविहार संवाददाता
सुर्खेत, ९ वैशाख

अपांगता भएका व्यक्तिहरूलाई सवारी चालक अनुमति-पत्र (लाइसेन्स) प्रदान गर्ने विषयमा नेपालको प्रचलित कानूनले समान अवसरको व्यवस्था गरेको छ। तर व्यवहारमा भने आवश्यक सहजीकरण र पहुँचमैत्री व्यवस्था अभाव हुँदा उनीहरू लाइसेन्स प्राप्त गर्न कठिनाइ भोगिरहेका छन्।

पहुँचमैत्री व्यवस्था नहुँदा अपांगता भएका व्यक्तिहरूलाई लाइसेन्स प्राप्त गर्न कठिनाइ भएको भन्दै सरोकारवाला निकायसँ उनीहरुले गुनासो गरेका छन्। बुधबार अपांग सशक्तिकरण केन्द्र सुर्खेतको आयोजना र स्याक नेपालको सहयोगमा भएको अन्र्तक्रिया कार्यक्रममा बोल्दै उनीहरुले यस्तो बताएका हुन्।

प्रचलित सवारी तथा यातायात व्यवस्था सम्बन्धी कानूनअनुसार शारीरिक तथा मानसिक रूपमा सवारी साधन चलाउन सक्षम व्यक्तिले लाइसेन्स लिन पाउने व्यवस्था छ। यसमा अपांगता भएका व्यक्तिहरूलाई स्वतः वञ्चित गरिएको छैन। तर आवश्यक परेमा उनीहरूको अवस्थाअनुसार अनुकूलित सवारी साधन प्रयोग गर्न सकिने प्रावधान रहेको छ।

कानूनी व्यवस्थाअनुसार लाइसेन्स प्राप्त गर्न इच्छुक व्यक्तिले लिखित परीक्षा र प्रयोगात्मक (ट्रायल) परीक्षा उत्तीर्ण गर्नुपर्ने हुन्छ। तर अपांगता भएका व्यक्तिहरूका लागि यी परीक्षामा विशेष सहजीकरण आवाश्यक रहेको अपांग सशक्तिकरण केन्द्रका कार्यकारी निर्देशक विष्णुप्रसाद शर्माले बताए। उनका अनुसार लिखित र प्रयोगात्मक परीक्षामा अपांगता भएका व्यक्तिलाई अतिरिक्त समय, सहायक सामग्री, संकेत भाषा दुभाषे, ब्रेल वा अडियो प्रणाली उपलब्ध गराउने विषय स्पष्ट रूपमा कार्यान्वयन गर्न आवाश्यक छ।

'संविधानले सबै नागरिकलाई समान अधिकार सुनिश्चित गरे पनि व्यवहारमा पहुँचमैत्री सेवा अभावले अपांगता भएका व्यक्तिहरू पछाडि परिरहेका छन्' उनले भने, 'कानूनले अधिकार दिएको छ, तर कार्यान्वयन पक्ष कमजोर हुँदा अपांगता

बाँकी पृष्ठ ४

### अपांगतामैत्री संरचना बनाउनुपर्ने माग



कर्णाली प्रदेशमा अपांगता भएका व्यक्तिहरूले प्रदेशभित्र रहेका सबै सरकारी संरचनाहरू अनिवार्य रूपमा अपांगतामैत्री बनाउनुपर्ने माग गरेका छन्। सरकारी कार्यालय, स्वास्थ्य संस्था, शैक्षिक निकाय तथा सार्वजनिक सेवा प्रदान गर्ने संरचनाहरूमा पहुँचमैत्री पूर्वाधारको अभावले दैनिक सेवा लिन कठिनाइ भइरहेको भन्दै उनीहरूले यस्तो माग अघि सारेका हुन्।

हाल अधिकांश सरकारी भवनहरूमा र्याम्प, लिफ्ट, दृष्टिविहीनमैत्री संकेत, शौचालय तथा अन्य आधारभूत सुविधा नहुँदा अपांगता भएका व्यक्तिहरू सेवाबाट वञ्चित हुनुपरेको छ। यसबारे प्रदेश सरकारको ध्यानाकर्षण गराउँदै सेवा प्रवाहमा सुधार ल्याउनुपर्ने अपांग सशक्तिकरण केन्द्रका सचिव धर्मराज रावलले बताए।

'सामान्य प्रशासनिक कामदेखि स्वास्थ्य उपचारसम्मका सेवामा पहुँच सहज नहुँदा अपांगता भएका व्यक्तिहरू थप समस्यामा परिरहेका छन्' उनले भने, सरोकारवालाहरूले संविधानले सुनिश्चित गरेको समानता र सामाजिक न्यायको अधिकार कार्यान्वयन गर्न पनि अपांगतामैत्री संरचना अनिवार्य रहेको छ।' उनका अनुसार राज्यका सबै संरचनाहरू सबै नागरिकका लागि समान रूपमा पहुँचयोग्य हुनुपर्छ। अपांगता भएका व्यक्तिहरूलाई सेवा लिनका लागि अरूको सहारामा निर्भर हुनुपर्ने अवस्था अन्त्य गर्न आवश्यक रहेको उनले बताए।

नयाँ निर्माण हुने सबै सरकारी भवनहरूमा अनिवार्य रूपमा अपांगतामैत्री मापदण्ड लागू गर्न र पुराना संरचनाहरूलाई चरणबद्ध रूपमा सुधार गर्न प्रदेश सरकारसँग उनीहरुको आग्रह छ।

नीति निर्माणदेखि कार्यान्वयन तहसम्म अपांगता समावेशी दृष्टिकोण अपनाउनुपर्ने केन्द्रका सद्यसय धनिराम लामिछानेले बताए। प्रदेश सरकारका सम्बन्धित निकायहरूले यस विषयमा आवश्यक पहल गर्नुपर्ने उनको भनाइ छ।

### वीरेन्द्रनगरकै सडक अपांगतामैत्री छैनन्



कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरका मुख्य सडकहरू नै अपांगतामैत्री नभएको पाइएको छ। सडकमा र्याम्प, ट्र्याक्टाइल मार्ग (दृष्टिविहीनमैत्री मार्ग), समतल फुटपाथ र सुरक्षित क्रसिङको अभाव हुँदा अपांगता भएका व्यक्तिहरूलाई हिँडडुल गर्न दैनिक रूपमा कठिनाइ भोग्नुपरेको छ। वीरेन्द्रनगरका विभिन्न स्थानमा निर्माण गरिएका फुटपाथहरू असमान, साँघुरा र अव्यवस्थित रहेको गुनासो छ। कतिपय स्थानमा फुटपाथमा सवारी साधन पार्किङ, पसलको अतिक्रमण तथा अवरोधहरू हुँदा ह्विलचेयर प्रयोगकर्ता, दृष्टिविहीन तथा शारीरिक अपांगता भएका व्यक्तिहरूका लागि सडक प्रयोग झन् जोखिमपूर्ण बनेको छ। सरोकारवालाहरूका अनुसार राजधानीकै अवस्था यस्तो हुँदा अन्य जिल्लाको अवस्था झनै चुनौतीपूर्ण रहेको छ।

प्रदेशभित्रका दुर्गम तथा ग्रामीण क्षेत्रका सडकहरू अझै कच्ची, उकालो, ओरालो र जोखिमपूर्ण हुँदा अपांगता भएका व्यक्तिहरूलाई सामान्य आवतजावत गर्नसमेत कठिनाइ हुने गरेको छ। स्वास्थ्य सेवा, शिक्षा तथा अन्य आधारभूत सेवामा पुग्न पनि उनीहरूलाई अरूको सहारामा निर्भर हुनुपर्ने अवस्था रहेको स्थानीयले बताएका छन्।

अपांगता अधिकारकर्मीहरूले सडक पूर्वाधार निर्माण गर्दा अपांगतामैत्री मापदण्डलाई प्राथमिकता नदिइएको गुनासो गरेका छन्। सडक सबैका लागि हुनुपर्छ, तर अहिलेको संरचना अपांगता भएका व्यक्तिहरूका लागि उपयुक्त छैन। योजनादेखि कार्यान्वयनसम्म समावेशी दृष्टिकोण आवश्यक छ। उनीहरूले प्रदेश सरकार तथा स्थानीय तहलाई सडक निर्माण र स्तरोन्नतिको क्रममा अनिवार्य रूपमा अपांगतामैत्री डिजाइन लागू गर्न, पुराना संरचनाहरू सुधार गर्न तथा नियमित अनुगमन गर्न आग्रह गरेका छन्। साथै जनचेतना अभिवृद्धि र सम्बन्धित निकायबीच समन्वयको अभाव हटाउनुपर्नेमा पनि जोड दिएका छन्।

इन्सेक कर्णाली प्रदेश संयोजक नारायण सुवदीले अपांगता भएका व्यक्तिहरूलाई स्वतन्त्र रूपमा हिँडडुल गर्न सक्ने वातावरण सिर्जना गर्न ढिलाइ नगर्न सरकारलाई आग्रह गरेका छन्।

लोकतन्त्र दिवस, २०८३

- संविधानको मर्म र मूल्यलाई आत्मसात् गरौं,
- नागरिक अधिकारसँगै कर्तव्य पनि पूरा गरौं,
- विधिको शासन र पारदर्शितालाई बलियो बनाऔं,
- सहिष्णुता, समावेशिता र समानताको अभ्यास गरौं,
- भ्रष्टाचार र अन्यायका विरुद्ध सचेत रहौं,
- लोकतान्त्रिक मूल्य-मान्यता संरक्षणमा योगदान दिऔं।
- सबल लोकतन्त्र, समृद्ध राष्ट्र।

नेपाल सरकार
विज्ञापन बोर्ड

## पूर्वप्रधानमन्त्री र गृहमन्त्री थुनेका सुधन २६ दिनमै बाहिरिए

काँक्रेविहार संवाददाता
काठमाडौं, ९ वैशाख



गत फागुन १३ गते बिहानसम्म पनि गृहमन्त्रीको रुपमा चर्चामै नदेखिएका पात्र हुन् सुधन गुरुङ। त्यतिबेलासम्म राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) भित्र र बाहिर पनि गृहमन्त्रीका रुपमा डोलप्रसाद अर्याल र सुनील लम्साल को नाम चर्चामा थियो। गृहमन्त्रीका लागि चर्चामा रहेका अर्याल मन्त्री नै बनेनन् भने लम्साल भौतिक पूर्वाधार विकासमन्त्री भए।

बिहानसम्म चर्चामै नभएका गुरुङले पदभार ग्रहण गरेको केही घण्टामै 'बोल्ड डिसिजन' लिए। पहिलो मन्त्रिपरिषद् बैठकले नै जेनजी आन्दोलन जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयनबारे दुई थरी निर्णय लियो।

राजनीतिक नेतृत्वका हकमा प्रतिवेदन तत्काल कार्यान्वयन गर्ने तर सुरक्षाकर्मी र कर्मचारीको हकमा प्रतिवेदन तत्काल कार्यान्वयन नगर्ने मन्त्रिपरिषद्को निर्णय थियो। निर्णय लगत्तै गुरुङले प्रहरी महानिरीक्षक दानबहादुर कार्कीलाई मन्त्रालयमा बोलाएर पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्न निर्देशन दिए। तर गृहमन्त्रीको मौखिक निर्देशनकै भरमा प्रहरी उनीहरूलाई पक्राउ गर्न तयार भएन। लिखित आदेश माग्यो।

त्यसै दिन रातभर पटकपटक गृह मन्त्रालय र प्रहरी मुख्यालयमा भएका छलफलपछि ओली र लेखकलाई पक्राउ गर्ने तयारी भयो। भोलिपल्ट बिहानै उनीहरूको घरबाटै प्रहरीले पक्राउ गऱ्यो।

गृहमन्त्री गुरुङको यो नै पहिलो एक्सन थियो। भोलिपल्ट अदालतबाट म्याद थप गराएर ओली र लेखकमाथि ज्यानसम्बन्धी कसुरमा अनुसन्धान सुरु भयो। तर यो अनुसन्धान निचोडमा पुग्न नपाउँदै ओली र लेखकलाई रिहा गर्नु पऱ्यो।

ओली र लेखकले बन्दीप्रत्यक्षीकरणको रिट सर्वोच्च अदालतमा दायर गरे। सर्वोच्चले फागुन २३ गते दुवै जनाको म्याद थप नगर्न आदेश दियो।

त्यतिबेलासम्म प्रहरीले अनुसन्धानका लागि १२ दिन थुनामा राख्न म्याद लिइसकेको थियो। सर्वोच्चले त्यसपछि म्याद नलिन र अनुसन्धान बाँकी भए बाहिरै राखेर अनुसन्धान गर्न भन्यो।

चैत २६ गते दुवै जनालाई हाजिरी जमानीमा रिहा गरियो। प्रहरीले यो अनुसन्धान अझै टुंग्याउन सकेको छैन। सरकारी वकिलको कार्यालयले अनुसन्धानका बाँकी के-के काम गर्ने भनेर प्रहरीलाई निर्देशन नै दिएको छ। यो मुद्दा तत्काले अदालत पुग्ने अवस्थामा छैन।

ओली र लेखक पक्राउ परेकै दिन ललितपुरबाट नेकपा (एमाले) नेता कर्णबहादुर मल्ल पक्राउ परे। उनीमाथि बलात्कारको आरोपमा जाहेरी दर्ता थियो। यो मुद्दा वैशाख ७ मा अदालत पुगेको छ।

सूचना, समाचार तथा विज्ञापनको लागि ९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला।

सम्पादकीय

# बेरुजु नियन्त्रणमा उदासीन नबन

कर्णाली प्रदेशमा बढ्दो बेरूजु केवल लेखापरीक्षणको तथ्यांक मात्र होइन । यो शासन प्रणालीको गम्भीर कमजोरीको संकेत हो । प्रदेश सभा अन्तर्गतको सार्वजनिक लेखा समितिले पछिल्ला दुई वर्षमा देखाएको सक्रियता प्रशंसनीय भए पनि त्यसको प्रभावकारिता प्रश्नको घेरामा परेको छ । निर्देशन दिने निकाय सक्रिय छ, तर कार्यान्वयन गर्ने सरकार उदासीन देखिन्छ । महालेखापरीक्षकको सातौँ वार्षिक प्रतिवेदनले औँल्याएको तथ्यांक झस्काउने खालको छ । आर्थिक वर्ष ०८०/०८१ मा मात्रै प्रदेश सरकारको करिब ४६ करोड रूपैयाँ बेरूजु थपिनु र कुल बेरूजु रकम चार अर्ब नाघ्नुले आर्थिक अनुशासन कति कमजोर छ भन्ने देखाउँछ । अझ चिन्ताको विषय के भने, विकास निर्माणसँग प्रत्यक्ष जोडिएको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयमा सबैभन्दा बढी बेरूजु देखिएको छ । यसले विकासको नाममा हुने खर्चको पारदर्शिता र उत्तरदायित्वमाथि गम्भीर प्रश्न उठाउँछ । सार्वजनिक लेखा समितिले पटक–पटक निर्देशन दिँदै आएको छ । २०३ वटा निर्देशन, दर्जनौँ बैठक र निरन्तर छलफल जस्ता यी सबै प्रयासहरु कागजमै सीमित हुनु दुःखद पक्ष हो । यदि ती निर्देशन समयमै कार्यान्वयन भएका हुन्थे भने आजको बेरूजुको आकार निकै सानो हुने थियो । यसबाट के प्रष्ट हुन्छ भने समस्या नीतिको अभावमा होइन, इच्छाशक्ति र कार्यान्वयनको कमीमा छ ।

कर्णाली प्रदेश सभाअन्तर्गतको सार्वजनिक लेखा समितिले प्रदेश सरकारको बेरूजु नियन्त्रणबारे विगत दुई वर्षदेखि निरन्तर सक्रियता देखाइरहेको छ । हरेक वर्ष बेरूजु बढ्दै गएपछि समितिले त्यसलाई न्यूनीकरण गर्न व्यापक रुपमा छलफल चलाइरहेको हो । अहिले पनि मन्त्रालयगत रुपमा महालेखाको सातौँ प्रतिवेदनले औँल्याएको बेरूजुमाथि समितिले छलफल चलाइरहेको समितिका सभापति विन्दमान विष्टले बताए । उनका अनुसार महालेखापरीक्षकको सातौँ वार्षिक प्रतिवेदनमाथि कर्णाली प्रदेशका मन्त्रालय एवम् निकायगत छलफलको लागि कार्यतालिका नै बनाएर काम भइरहेको छ । आइतबारदेखि सुरू भएको मन्त्रालयहरुको बेरूजुमाथिको छलफल बैशाख १३ गतेसम्म चल्ने उनले जानकारी दिए । त्यसपछि अन्य मातहत निकायको बेरूजुमाथि छलफल हुने उनले बताए । सोमबार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको बेरूजुमाथि छलफल भएको छ । छलफलमा सम्बन्धित मन्त्री र सचिवहरुलाई समेत बोलाउने काम भइरहेको छ । सरकारको उदासीनताका कारण आर्थिक अनुशासनहीनता बढेको र बेरूजुको चाङ लागेको छ । आर्थिक वर्ष २०७४/०७५ देखि महालेखाको सातौँ प्रतिवेदनसम्म आउँदा कर्णाली सरकारको बेरूजु रकम चार अर्ब १२ करोड पाँच लाख ८४ हजार रूपैयाँ पुगेको हो । आर्थिक अनुशासन कायम गर्नुपर्ने मन्त्रालय तथा निकाय नै अटेरी बन्दा बेरूजु रकम थप बढेको हो । हालसम्मको समग्र बेरूजु रकममा सबैभन्दा धेरै भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको मात्रै झन्डै दुई अर्ब बेरूजु छ ।

सरकारको अटेरी प्रवृत्तिले आर्थिक अनुशासनलाई कमजोर बनाएको छ । केही मन्त्रालयलाई १७ पटकसम्म निर्देशन दिइनु र त्यसको समेत बेवास्ता हुनु प्रशासनिक गैरजिम्मेवारीको उदाहरण हो । यस्तो अवस्थामा केवल नयाँ कार्यविधि ल्याउनु वा योजना बैंक निर्माण गर्नु पर्याप्त हुँदैन । अबको आवश्यकता कडाइका साथ कार्यान्वयन र जवाफदेहिता सुनिश्चित गर्ने प्रणालीको हो । मुख्यमन्त्रीले निर्देशन दिनु सकारात्मक कदम हो, तर निर्देशन मात्र पर्याप्त हुँदैन । जबसम्म अनियमिततामा संलग्नलाई कारबाही हुँदैन र जिम्मेवार निकायलाई उत्तरदायी बनाइँदैन, तबसम्म बेरूजु घट्ने अपेक्षा गर्नु यथार्थवादी हुँदैन । आर्थिक सुशासनका लागि 'कसैले केही गर्दैन' भन्ने संस्कार तोड्नैपर्छ । अब कर्णाली प्रदेश सरकार सामु दुई विकल्प छन्, या त बेरूजुलाई सामान्य प्रशासनिक प्रक्रियाको हिस्सा मानेर बेवास्ता गर्दै जाने, या त्यसलाई गम्भीर संकटका रुपमा लिएर कडाइका साथ सुधारको बाटो अपनाउने । यदि दोस्रो विकल्प रोजिएन भने, बढ्दो बेरूजु केवल अंकको बृद्धि मात्रै होइन, जनविश्वासको क्षयको कथा बन्नेछ । त्यसैले अब पनि बेरूजु नियन्त्रणमा उदासिन नबन ।

# लेनिनवादी संगठनात्मक सिद्धान्त र नेपाली कम्युनिस्ट पार्टीको पुनर्गठन



✍ बलराम बास्कोटा

नेपालको कम्युनिस्ट आन्दोलनले साँढे सात दशक लामो यात्रा पार गरिसकेको छ । ००६ सालमा कमरेड पुष्पलालको अगुवाइ तथा पहलकदमीमा स्थापना भएको पार्टीले सामन्ती राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापनाजस्ता महान् उपलब्धिहरू हासिल गरेको छ, तर विडम्बना यत्रो उपलब्धि प्राप्त गर्ने पार्टी जब सत्तामा पुग्छ वा पुग्ने अवस्थामा हुन्छ, त्यतिबेला पार्टीले सांगठनिक रूपमा विभाजनको पीडा बेहोर्नुपरेको तितो यथार्थ छ।

अहिले नेपाली कम्युनिस्ट पार्टीको मुख्य समस्या भनेको सांगठनिक अराजकता नै हो । सर्वहारा वर्गको अग्रदस्ता बन्नुपर्ने पार्टी अवसरवादीहरूको क्लबमा रूपान्तरित भएको भान हुन्छ । यो पार्टीभित्र लेनिनद्वारा प्रतिपादित संगठनात्मक सिद्धान्तको अभाव खड्किएको छ।

अब पनि पाठ सिकेर लेनिनवादी सिद्धान्तको दार्शनिक आधारभित्र पार्टीलाई नहिँडाउने हो भने यत्रो उपलब्धिको नेतृत्व गरेको कम्युनिस्ट पार्टीको भविष्य कस्तो होला भन्नेमै सम्पूर्ण वाम जगत्को ध्यान यसमै केन्द्रित छ।

अहिले के मजदुर, के किसान, के विद्यार्थी, के बुद्धिजीवी, के युवा, के महिला सबैले कम्युनिस्ट आन्दोलन सच्चिने कि सक्किने भन्ने विषयमा छलफल गरिरहेका छन्। लेनिनवादी संगठनात्मक सिद्धान्तको कडाइपूर्वक गरिने पालनाले मात्र कम्युनिस्ट आन्दोलन निर्माण हुन्छ भन्ने मान्यता अंगीकार गर्ने हो भने लेनिनको संगठनात्मक सिद्धान्त के हो भन्ने बुझ्न जरुरी छ।

लेनिनले सन् १९०२ मा आफ्नो प्रसिद्ध 'ह्वाट इज टु बी डन' मार्फत एउटा नयाँ ढङ्गको क्रान्तिकारी पार्टीको जग बसालेका थिए। लेनिनको भनाइमा कम्युनिस्ट पार्टी मजदुर किसानको भीड मात्र नभई मजदुर-किसानमध्येको सचेत र क्रान्तिकारी अग्रदस्ता हो, त्यसैले कम्युनिस्ट पार्टीका कार्यकर्ताहरूले सम्पूर्ण समय पार्टी गतिविधिमा समर्पित गर्नुपर्छ।

लेनिनवादी संगठनात्मक सिद्धान्तले कम्युनिस्ट पार्टीलाई क्रान्तिकारी, अनुशासित र प्रभावकारी संगठनका रूपमा स्थापित गर्न मार्गदर्शन गर्छ । भ्लादिमिर लेनिनले मार्क्सवादको व्यावहारिक कार्यान्वयनका लागि यी सिद्धान्तहरू प्रतिपादन गरेका थिए, जसमा जनवादी केन्द्रीयता, फलामे अनुशासन र कार्यकर्ताहरूको सामूहिक नेतृत्वले विशेष महत्त्व राख्छ।

लेनिनवादी संगठनात्मक सिद्धान्त भनेको कम्युनिस्ट पार्टी सञ्चालनको एक विशिष्ट नीति हो । यसले संगठनलाई प्रभावकारी बनाउन महत्त्वपूर्ण मूल खम्बाका रूपमा काम गर्छ।

नेपालको सन्दर्भमा, एकातिर साढे सात दशक लामो कम्युनिस्ट आन्दोलनले धेरै उपलब्धिहरू हासिल गरेको छ। अर्कोतिर कम्युनिस्ट पार्टीहरू पटक-पटक विभाजन, एकता र पुनर्विभाजनको चक्रमा फसेका छन्। यसले नेपाली वामपन्थी आन्दोलनलाई क्रमशः कमजोर बनाएको छ । यो अवस्था सुधार्न लेनिनवादी संगठनात्मक सिद्धान्तको पुनःव्याख्या र यसको आधारमा नेपाली कम्युनिस्ट पार्टीको पुनर्गठनको आवश्यकता छ।

## पार्टी निर्माणको मूल खम्बा

लेनिनवादी संगठनात्मक सिद्धान्त भनेको कम्युनिस्ट पार्टी सञ्चालनको एक विशिष्ट नीति हो । यसले संगठनलाई प्रभावकारी बनाउन महत्त्वपूर्ण मूल खम्बाका रूपमा काम गर्छ । यस सिद्धान्तअन्तर्गत, पार्टीभित्र व्यक्ति संगठनको अधीनमा रहन्छ। अल्पमत बहुमतको अधीनमा रहन्छ, तल्लो कमिटी माथिल्लो कमिटीको अधीनमा रहन्छ र सबै कमिटीहरू केन्द्रीय समितिको अधीनमा रहन्छन् । यो तहगत अधीनता र सामूहिक निर्णय प्रक्रिया नै लेनिनवादी संगठनको मेरुदण्ड हो।

यी सिद्धान्तहरू लेनिनले सन् १९०३ मा रुसी सोशल डेमोक्रेटिक लेबर पार्टीको दोस्रो महाधिवेशनमा प्रस्तुत गरेका थिए । त्यस बैठकमा पार्टीको सदस्यता परिभाषा, अनुशासन र संगठनको अधिकारको संरचना निर्धारण गरिएको थियो । लेनिनले पार्टीलाई त्यस्तो अचुक र जादुगरी संरचना दिए, जुन जारशाही निरङ्कुशताको प्रतिकूल परिस्थितिमा पनि भाङ्गिने खालको थियो।

उनले पार्टीलाई पेशेवर क्रान्तिकारीहरूको भ्यानगार्ड पार्टीका रूपमा परिकल्पना गरे । यी सिद्धान्तहरूको उद्देश्य पार्टीलाई सधैँ लचिलो, लडाकु र एकजुट राख्नु थियो। यसले पार्टीलाई सशस्त्र विद्रोह र शक्ति कब्जाको चुनौती सहजै सामना गर्न सक्ने बनाइदियो।

## नेपाली कम्युनिस्ट आन्दोलनको इतिहास

नेपालको सन्दर्भमा कम्युनिस्ट आन्दोलनको थालनी वि.सं. ००६ वैशाख १० गते (सन् १९४९ अप्रिल २२) पुष्पलाल श्रेष्ठको नेतृत्वमा भारतको कोलकातामा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) स्थापनासँगै भएको थियो । सुरुवाती दिनमा पार्टीले राणा शासन र सामन्तवादविरुद्ध संघर्ष गर्‍यो, तर स्थापनाको प्रारम्भिक चरणदेखि नै पार्टी विचारधारागत मतभेद, नेतृत्वको असहमति र रणनीतिक भिन्नताका कारण पटक-पटक विभाजित हुँदै आयो।

छिन्न-भिन्न धारलाई मोहनविक्रम सिंहले चौथो महाधिवेशन गरेर तथा पुष्पलालले तेस्रो सम्मेलन गरेर झापा किसान आन्दोलनको धार निर्माण गरी पार्टीको एकीकरणको प्रयास गरे।

पार्टीका संस्थापक महासचिव पहिलो महाधिवेशनको सँघारमै महासचिवबाट पदच्युत हुनु, पहिलो महाधिवेशनबाट निर्वाचित महासचिवले आफ्नो कार्यकाल पूरा गर्न नपाउँदै कार्यवाहक महासचिव बनाउनुपर्ने परिवेश सिर्जना हुनु, पुष्पलालबाट कार्यवाहक महासचिव बन्न अस्वीकार गर्नु, केशरजङ्ग रायमाझीजस्तो राजतन्त्रवादीको हातमा नेतृत्व पुग्नु, अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको असर नेपालमा पनि पर्नु, राजा महेन्द्रको प्रतिगामी कदम र तेस्रो महाधिवेशनपछि नेतृत्वको असक्षमताले कम्युनिस्ट पार्टी छिन्न-भिन्न हुन गयो।

छिन्न-भिन्न धारलाई मोहनविक्रम सिंहले चौथो महाधिवेशन गरेर तथा पुष्पलालले तेस्रो सम्मेलन गरेर झापा किसान आन्दोलनको धार निर्माण गरी पार्टीको एकीकरणको प्रयास गरे। यस शृङ्खलाको प्रमुख उदाहरण हो, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) को ०७५ सालमा भएको एकीकरण । ०७५ जेठ ३ गते यी दुई ठूला कम्युनिस्ट शक्तिहरू मिलेर नेपाल कम्युनिस्ट पार्टी (नेकपा) गठन भयो। यो ऐतिहासिक एकीकरणले लगभग दुई तिहाइ बहुमतको सरकार गठन गर्‍यो।

यसले समाजवाद उन्मुख राष्ट्र निर्माणको सपना देखाएको थियो। तर, नेतृत्वको अहंकार, सत्ताको केन्द्रीकरण र पार्टीभित्र ह्रास हुँदै गएको आन्तरिक लोकतन्त्रकै कारण एकता लामो समय टिक्न सकेन । हुँदाहुँदा तिनको अदालतबाट हामी शासित हुँदैनौँ भनी अन्तर्राष्ट्रिय गीत गाउने कम्युनिस्ट पार्टी अदालतको हस्तक्षेपपछि स्पष्ट रूपमा विभाजित भयो। पछि नेपालमा कम्युनिस्ट आन्दोलन झनै टुक्रा-टुक्रामा विभक्त हुन पुग्यो।

०८२ सालको निर्वाचनको मुखमा बाइस कम्युनिस्ट घटक मिलेर नेपाली कम्युनिस्ट पार्टी गठन भयो। तथापि लेनिनवादी सिद्धान्तअनुसार पार्टीलाई अझै सशक्त ढङ्गले सांगठनिक साँचामा ढालिएको छैन। केन्द्रीय कमिटीको ओज घटाउँदै अहिले पनि २५ सयको केन्द्रीय कमिटी बनाइएको छ। यस अवस्थामा लेनिनवादी सिद्धान्त र नेपाली अभ्यासबीचको अन्तरविरोध हल गर्न नसकेकै कारण होला सांगठनिक एकतामा ढिलासुस्ती भइरहेकै छ।

अब साँच्चै पार्टी निर्माणको सङ्कल्प गर्ने हो भने नेपाली कम्युनिस्ट नेतृत्वले तपसिलका बुँदाहरूमा निर्ममतापूर्वक ध्यान दिनु जरुरी छ।

नेतृत्वको सङ्कट नै अहिलेको प्रमुख चुनौती हो। अहिले कम्युनिस्ट पार्टीहरूबिच जुट र फुटको स्थायी चक्र चलिरहेको छ । भर्खरै एकीकृत नेपाली कम्युनिस्ट पार्टी किमकर्तव्यविमूढको अवस्थामा छ।

पहिलो, वैचारिक र संगठनात्मक रूपमा नेपालका कम्युनिस्ट पार्टीहरू सत्तामा पुगेपछि लेनिनको बोल्सेभिक अनुशासनमा कमजोर हुँदै गएका छन् । नेकपाभित्रको सत्ता सङ्घर्षले के देखायो भने एकातिर नेता-केन्द्रित निर्णय प्रक्रिया र व्यक्तिको वरिपरि निर्मित गुटबन्दीले पार्टीलाई कमजोर बनाएको छ भने अर्कोतिर लेनिनवादी संगठनात्मक शैली कुन चिडियाको नाम हो भन्नेजस्तो भएको छ।

लेनिन स्वयं पदाधिकारीभन्दा बढी विचार र रणनीतिका नेता थिए । उनी केन्द्रीय समिति सदस्यबाटै आफ्नो प्रभाव स्थापित गर्थे । तर नेपालमा पदीय शक्ति नै विवादको केन्द्र बनेको छ । लेनिनवादी सिद्धान्तको विकृत व्याख्या र नेतृत्वको एकाधिकारवादी चिन्तनले जनवादी केन्द्रीयतालाई नकारात्मक बनाएको छ।

दोस्रो, ०६० को दशकदेखि सुरु भएको विभाजन र पुनर्गठनको शृङ्खलाले वामपन्थी आन्दोलनलाई क्रमशः कमजोर बनाउँदै लग्यो । जब कम्युनिस्ट शक्तिहरू विभाजित हुन्छन्, त्यसको नतिजा श्रमजीवी जनताका लागि दुःखद हुन्छ । हालैका निर्वाचन परिणामहरूले पनि विभाजित वामपन्थी दलहरूले जनताको विश्वास गुमाउँदै गएको देखाउँछ।

तेस्रो, नेतृत्वको सङ्कट नै अहिलेको प्रमुख चुनौती हो । अहिले कम्युनिस्ट पार्टीहरूबिच जुट र फुटको स्थायी चक्र चलिरहेको छ । भर्खरै एकीकृत नेपाली कम्युनिस्ट पार्टी किमकर्तव्यविमूढको अवस्थामा छ । पार्टीभित्र दुई वृद्ध नेताहरूको अहंकार, दम्भ र मपाइँत्वको बोझमा थिचिएर पार्टीले देशको नेतृत्व गर्न सकिरहेको छैन।

लेनिनको मूल सिद्धान्तविपरीत यहाँ नेतृत्व व्यक्तिको हैसियत प्रतिस्पर्धाको विषय बनेको छ । अवसरवादी कार्यकर्ताहरूले 'बा', 'सुप्रिमो', 'गणतन्त्रका पिता' जस्ता शब्दले नेताहरूलाई विभूषित गर्छन् । र, त्यस्तै शब्दहरूबाट नेताहरूको अहम् तुष्टि हुने हुनाले तिनलाई नै नेताहरू असली कार्यकर्ता ठानी तिनकै स्वार्थ पूर्तिका लागि चौगुणा दौडिरहेका हुन्छन्।

चौथो, जनजीविका र राष्ट्रियताको प्रश्न । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालहरूको सामना गर्न कम्युनिस्ट पार्टीको पुनर्गठन अनिवार्य छ । बढ्दो भूराजनीतिक चुनौती र विश्वव्यापी आर्थिक अस्थिरताको यस घडीमा, विभाजित र कमजोर कम्युनिस्ट आन्दोलनले प्रभावकारी ढङ्गले जनताको हितको रक्षा गर्न सक्दैन । त्यसैले पनि जनजीविका र राष्ट्रियताको प्रश्नलाई बलियो गरी समात्न कम्युनिस्ट पार्टीको पुनर्गठन अनिवार्य छ।

## पुनर्गठनको मार्गचित्र

पुनर्गठनका लागि सबैभन्दा पहिले पार्टी सदस्यता र नेतृत्वको मापदण्ड सुधार गर्नुपर्छ। लेनिनले सदस्यता अत्यन्तै कडा बनाएका थिए। पार्टीको कार्यक्रम मान्ने, आर्थिक योगदान दिने र व्यक्तिगत रूपमा सक्रिय सहभागिता अनिवार्य थियो । नेपालमा भने पार्टी सदस्यता प्रायः कागजको खोस्टोसरि बाँडिएको छ । पुनर्गठनको एउटा मुख्य पाटो जनवादी केन्द्रीयतालाई यथार्थमा लागू गर्नु हो।

बाह्य दबाब हो। राज्यको नीति र अन्तर्राष्ट्रिय भूराजनीतिक समीकरणले पनि नेपाली वामपन्थी आन्दोलनलाई प्रभावित पारेको छ।

पार्टीभित्रको सबै निर्णय तल्लो तहदेखि माथि र माथिदेखि तल्लो तहसम्म संवादको आधारमा हुनुपर्छ। विगतका एकीकरण प्रयासहरूमा जेनजी पुस्तालाई सभामा बोलाएर पुरानो संरचनालाई बलियो बनाउनका लागि मात्र थपडी पिट्न लगाइयो।

यसले वास्तविक सुधारको अपेक्षा गरेका युवाहरूमा निराशा पैदा गर्‍यो । त्यसैले, पुनर्गठनको प्रक्रियामा कम्तीमा ४० प्रतिशत युवा सहभागिता सुनिश्चित गर्ने व्यवस्था हुनैपर्छ। नयाँ पार्टीले पद र शक्ति होइन, कार्य र योगदानलाई प्राथमिकता दिनुपर्छ । यसले मात्र पार्टीलाई लेनिनवादी बनाउँछ।

# पूर्वाधार निर्माण क्षेत्रको संरचनात्मक रूपान्तरण



✍ ई. श्रीराम ढकाल

हाम्रो विकास प्रशासनले सार्वजनिक निर्माणको महत्त्वपूर्ण सारथिका रूपमा निजी क्षेत्रलाई अङ्गीकार गरेको छ । पूर्वाधार निर्माणको योजना र ठेक्का व्यवस्थापनमात्र सरकारी निकायहरूले गर्छन् भने बाँकी सम्पूर्ण कार्यहरू ठेक्का प्रणालीका आधारमा निजी क्षेत्रले गर्छ । योजनाको विस्तृत अध्ययन र डिजाइन इन्जिनियरिङ परामर्शदातृ फर्महरूले गर्छन् भने वास्तविक निर्माण कार्यहरू निर्माण व्यवसायी कम्पनीहरूले गर्छन् । निर्माण उद्योगका दुई खम्बाका रूपमा रहेका यी दुवै खाले कम्पनीहरूले आफ्ना कार्यहरू प्रभावकारी र व्यवस्थित रूपले कार्यान्वयन गर्न सकेमात्र निर्माण कार्य सही रूपले सञ्चालन हुन सक्छ ।

पूर्वाधार विकासको मौजुदा प्रणाली सुधारको बहसमा अक्सर खरिद ऐनलाई नै बाधक मान्ने गरिन्छ तर खरिद ऐनको चस्माले मात्र निर्माण उद्योगको समस्या समाधान हुँदैन । ठेक्का व्यवस्थापनमा सुधारको गुञ्जायस छ तर ठेक्का प्रणालीमा सुधारले मात्र हाम्रो समग्र निर्माण क्षेत्रको संस्थागत क्षमता विकासको प्रश्न हल हुन सक्दैन।

खासमा हाम्रो निर्माण क्षेत्रले जनअपेक्षाबमोजिमका निर्माण कार्यहरू गर्न असफल रहनुमा हाम्रा निर्माणसम्बद्ध दुवै उपक्षेत्र इन्जिनियरिङ परामर्श तथा निर्माण कम्पनीमा संस्थागत क्षमताको अभाव प्रमुखरूपमा जिम्मेवार छन्।

संस्थागतरूपले सक्षम हुनुभन्दा आजका दिनमा हाम्रा निर्माण तथा परामर्श कम्पनीहरू 'व्यक्ति विशेषका स्वरोजगार फर्म' जस्तामात्र छन् जसले आजको व्यवस्थित र द्रूत निर्माणको आवश्यकतालाई सम्बोधन गर्न सक्दैनन्।

पुँजीगत निर्माण कार्यको विनियोजित बजेट खर्चमा समेत हरेक वर्ष भइरहेको न्यून प्रगति पनि निर्माण उद्योगको संस्थागत क्षमतासँग प्रत्यक्ष सम्बन्धित छ।

हामीकहाँ निर्माण क्षेत्र अत्यधिक साना र विखण्डित निर्माण कम्पनीहरूको उपस्थितिले ग्रस्त रहँदै आएको छ। हालसम्म दर्ता भएका निर्माण कम्पनीहरूको सङ्ख्या करिब १५ हजार हाराहारीमा छ तर निर्माण कार्यका लागि संस्थागत क्षमतामा कमजोर छन्।

कामको निरन्तर उपलब्धता र सुनिश्चितता नहुँदा कम्पनीहरूले स्थायी जनशक्ति र उपकरणमा लगानी गर्नसकेका छैनन् । फलस्वरूप, आयोजना विशेषका लागि खोजिएका अस्थायी कर्मचारी र भाडाका मेसिनबाट काम चलाउने प्रवृत्ति मौलाएको छ।

आफू टिक्नकै लागि न्यून मूल्यमा ठेक्का लिने 'लो बिडिङ' को प्रवृत्तिका कारण अधिकांश व्यवसायीहरू एकआपसमा लडी मर्ने प्रतिस्पर्धा (थ्रोट कटिङ कम्पिटिसन) को मारमा छन् भने लिएको काम पनि आन्तरिक क्षमता अभावका कारण चरणबद्ध सबकन्ट्र्याक्टिङ र पेटी ठेक्कामा अरूलाई जिम्मा लगाउने प्रवृत्ति व्याप्त छ।

यसले गर्दा कामको गति र गुणस्तर दुवै खस्किएको छ । यस क्षेत्रले मर्यादित रोजगारी सिर्जना गर्नुको साटो बदनामी र अक्षमता मात्र खेपिरहेको छ। निर्माण कार्यले ठूलो सङ्ख्यामा जनशक्ति खपत गर्न सक्ने र देशको बेरोजगारी समस्या समाधानमा ठूलै भरथेग हुन सक्ने अवस्था हुँदाहुँदै पनि हाल उपयोग भइरहेका जनशक्तिहरू मौसमी कामदारको रूपमा मात्र रहेका छन्। निरन्तर र मर्यादित रोजगारीको परिपूर्ति पनि यो क्षेत्रले गर्नसकेको छैन।

त्यस्तै समस्या इन्जिनियरिङ परामर्श क्षेत्रमा पनि व्याप्त छ। हालसम्म करिब ५ हजार जति इन्जिनियरिङ परामर्शदातृ कम्पनी तथा फर्महरू दर्ता भएका छन् । परामर्शदातृ कम्पनीहरूको सङ्ख्याका तुलनामा अवसरहरूको उपलब्धता न्यून हुँदा कामको सुनिश्चितताको अभावले कम्पनीहरूले विज्ञ इन्जिनियरिङ जनशक्ति आवश्यक सङ्ख्यामा राख्नुको साटो प्रशासनिक कर्मचारीसहित २-३ जनाकै भरमा संस्था सञ्चालन गर्ने परिपाटी छ।

काम लिनका लागि आफूसँग आबद्ध नभएका विज्ञ इन्जिनियरिङ जनशक्तिको विवरण देखाउने तर वास्तविक काममा बजारमा उपलब्ध सस्तो जनशक्ति प्रयोग भइरहेका कारण निर्माण परियोजनाका डिजाइन, इस्टिमेटलगायतका अध्ययनहरू यथार्थपरक र सफल भइरहेका छैनन्।

फलस्वरूप निर्माण चरणमा परियोजनाहरूको डिजाइन परिवर्तन गर्नुपर्ने तथा लागत र समय बढ्ने समस्याहरू देखा परिरहेका छन्। अध्ययन र डिजाइन कार्यका अवसर कम हुँदा एकातिर कम्पनीहरूको गुणस्तरीय सेवाका लागि संस्थागत क्षमता न्यून छ भने अर्कोतिर उनीहरूले बजारमा उपलब्ध इन्जिनियरहरूलाई आधारभूत रोजगारीका अवसरहरूसमेत दिनसकेका छैनन्

यसैगरी नयाँ फर्महरू स्थापना हुने तर सोबमोजिम कामको उपलब्धता नहुँदा आफू टिक्न जसरी पनि काम लिनुपर्ने बाध्यताले 'लो बिडिङ' यतातिरको पनि पेचिलो समस्या बनेको छ। यसबाट राम्रो संस्थागत व्यवस्था र गुणस्तरीय कामलाई प्राथमिकतामा राख्ने अब्बल सोचका परामर्श कम्पनीहरू पनि खराब इकोसिस्टमका कारण टिक्न नसक्ने अवस्थामा छन् । विकसित देशहरूमा इन्जिनियरिङ परामर्शदातृ कम्पनीहरूले ठूलो सङ्ख्यामा इन्जिनियरिङ जनशक्तिलाई रोजगारी दिएका हुन्छन् तर हामीकहाँ यो क्षेत्र व्यवस्थितरूपमा विकास हुन नसक्दा देशमा उत्पादित इन्जिनियरिङ जनशक्तिमध्ये ठूलो सङ्ख्या बेरोजगार छ भने धेरै अब्बल इन्जिनियरहरू विदेश जान बाध्य हुन्छन्।

राज्यको यथोचित क्षेत्रगत नियमनको व्यवस्था नहुँदा यसले दक्ष जनशक्तिको अपेक्षाकृत आकारसहितको सक्षम, प्रतिस्पर्धी र कर्पोरेट इन्जिनियरिङ परामर्श कम्पनीहरूको विकासमा बाधा उत्पन्न गरेको छ।

यसबाहेक निर्माण सामग्रीको उपलब्धता, जग्गा प्राप्ति, रुख कटान तथा विकासका कार्यमा सरकारी निकायहरूबिचका समन्वयात्मक गतिविधि जस्ता बहुक्षेत्रगत अन्तरसम्बन्धित विषयमा भइरहेका विभिन्न उल्झनहरू पनि पूर्वाधार विकासमा समस्याका रूपमा रहेका छन् । यी सबै समस्याहरूलाई नीतिगत तहबाट सम्पूर्णतामा हल नगरेसम्म हाम्रो पूर्वाधार निर्माण क्षेत्रले फड्को मार्ने सम्भावना छैन।

## पूर्वाधार निर्माण उद्योगको विकासको मार्गचित्र (रोडम्याप)

व्यवस्थित पूर्वाधार विकासका लागि हालको भद्रगोल अवस्थालाई सुधार्न अब राज्यले निर्माणको 'लाइसेन्स बाँड्ने' काममात्र गरेर पुग्दैन । निर्माण क्षेत्रसम्बद्ध 'एक्टर'हरूलाई समग्रतामा व्यवस्थित नियमनमार्फत सक्षम निर्माण उद्योगको रूपमा विकास गर्न निम्न नीतिगत सुधारहरू गरिनुपर्छ -

ङ व्यवस्थित इजाजत प्रणालीको विकास - निर्माण कम्पनीहरू र परामर्शदातृ इन्जिनियरिङ कम्पनीहरू धेरै सङ्ख्याका झोले फर्मको रूपमा रहनुभन्दा सीमित सङ्ख्यामा कर्पोरेट र सक्षम संस्थाको रूपमा रहनु स्वस्थकर हुन्छ । यसका लागि निर्माण व्यवसायसम्बन्धी हालको फितलो ऐनलाई संशोधन या पुनर्लेखन गरी इजाजत प्रणालीलाई सुदृढ बनाउने, निर्माणसम्बद्ध कम्पनी तथा फर्महरूको प्रभावकारी नियमनमार्फत व्यावसायिक तथा संस्थागत प्रतिस्पर्धी क्षमताको विकास गर्नु आवश्यक छ । यसले निर्माण क्षेत्रलाई कर्पोरेट संस्कृतितर्फ उन्मुख गर्दै स्रोतसाधन सम्पन्न, प्रतिस्पर्धी र उत्तरदायी संस्थाहरूको विकास गर्नेछ। वास्तवमा ऐन नियमहरू यसरी बनाउनु आवश्यक छ कि निर्माण कम्पनीहरूले दक्ष जनशक्ति, आवश्यक प्रविधि तथा उपकरणहरू र समग्र संस्थागत क्षमता विकास गर्न आफैँ उत्प्रेरित हुने 'इन्सेन्टिभ स्ट्रक्चर' को विकास होओस्।

परामर्शका हकमा हालसम्म इजाजत नै नचाहिने अवस्था तथा निर्माण कम्पनीहरूको विद्यमान खुकुलो इजाजत व्यवस्थालाई परिमार्जन गरी न्यूनतम पुँजी, आवश्यक उपकरण र स्थायी प्राविधिक जनशक्ति भएकालाई मात्र सरकारी ठेक्काहरूमा संलग्न हुन पाउने इजाजत दिनु वाञ्छनीय हुन्छ।

# एकता कायम गर्दै महाधिवेशनतर्फ उन्मुख हुने काँग्रेसको तयारी

काँक्रेविहार संवाददाता
काठमाडौं, ९ वैशाख

नेपाली काँग्रेसका महामन्त्री गगन थापाले पार्टीभित्र सहमति र एकताको वातावरण निर्माण गर्दै आगामी १५ औं महाधिवेशनतर्फ अघि बढ्ने प्रयास भइरहेको बताएका छन् ।

विराटनगरमा सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै उनले विभिन्न धारका नेताहरूसँग निरन्तर संवाद भइरहेको जानकारी दिएका हुन् ।

उनका अनुसार वर्तमान राजनीतिक अवस्था र पार्टीभित्रका जटिलताहरूलाई ध्यानमा राख्दै नेतृत्व तहले साझा समझदारी कायम गर्ने प्रयास गरिरहेको छ । यस प्रक्रियामा सबै पक्षलाई समेट्ने गरी महाधिवेशनसम्म पुग्ने लक्ष्य राखिएको उनले उल्लेख गरे ।

सरकारप्रतिको पार्टीको भूमिकाबारे बोल्दै थापाले संविधान कार्यान्वयन, विधिको शासन र जनहितसँग सम्बन्धित विषयमा सकारात्मक सहयोग रहने, तर कमजोरी देखिएको स्थानमा तथ्यका आधारमा प्रश्न उठाउने नीति कायम रहेको बताए । आवश्यक परे वैकल्पिक सुझावसहित रचनात्मक आलोचना गर्ने उनले स्पष्ट पारे ।

भदौ २४ मा भएको घटनासम्बन्धी विषयमा उनले निष्पक्ष छानबिनका लागि न्यायिक आयोग गठन गर्नुपर्ने माग पुनः दोहोऱ्याए । साथै राज्यका निकायहरूले कानुनी मर्यादा पालना नगरे लोकतान्त्रिक प्रणाली कमजोर हुने जोखिम औँल्याउँदै सरकारलाई कानुनको पालना सुनिश्चित गर्न ध्यानाकर्षण गराएको बताएका छन् ।

# वर्षौंदेखि टहरामै पढ्न बाध्य विद्यार्थी

काँक्रेविहार संवाददाता
हुम्ला, ९ वैशाख

हुम्लाको अदानचुली गाउँपालिका-६ स्थित पाल्स गाउँको कैशालपुरी माध्यमिक विद्यालयका विद्यार्थी विगत एक वर्षदेखि अस्थायी टहरामा अध्ययन गर्न बाध्य भएका छन् ।

विद्यालयको पुरानो जीर्ण भवन भत्काइएपछि नयाँ भवन निर्माण नहुँदा जस्ता पाताले बनेका टहरामा कक्षा सञ्चालन भइरहेको हो ।

अभिभावक गणेश बोहराका अनुसार विद्यार्थीहरू जोखिमपूर्ण अवस्थाबाट जोगाउन पुराना भवन भत्काइए पनि विकल्पका रूपमा बनाइएको टहरा दीर्घकालीन समाधान बन्न सकेको छैन ।

बच्चाहरूलाई सुरक्षित वातावरणमा पढाउन खोज्दा अहिले झन् असुविधा भोग्नुपरेको छ उनले बताए । विद्यालयका प्रधानाध्यापक दलबहादुर बुढाले नयाँ भवन निर्माणका लागि पहल गरिए पनि हालसम्म कुनै निकायबाट सुनुवाइ नभएको गुनासो गरे ।

उनका अनुसार हाल बालविकास देखि कक्षा आठ सम्मका विद्यार्थी टहरामै अध्ययन गर्छन् भने कक्षा नौ र १० का विद्यार्थी अर्को जीर्ण भवनमा पढिरहेका छन् ।

विद्यालयको कार्यालयसमेत जोखिमपूर्ण भवनमै सञ्चालन भइरहेको छ । टहरामा पढ्दा वर्षायाममा पानी चुहिने, हिउँदमा चिसो र गर्मीयाममा अत्यधिक तापको समस्या झेल्नुपर्ने अवस्था छ ।

यसले विद्यार्थीको सिकाइ वातावरणमा नकारात्मक असर पारेको शिक्षक तथा अभिभावकको भनाइ छ। विद्यालयमा हाल तिन सय २२ जना विद्यार्थी अध्ययनरत छन् ।

सुरक्षित र व्यवस्थित शैक्षिक वातावरणका लागि नयाँ भवन निर्माणको काम तत्काल अघि बढाउन स्थानीयले सम्बन्धित निकायसँग माग गरेका छन् ।

# १० वर्षमा मात्रै १७ किलोमिटर सडक स्तरउन्नती

काँक्रेविहार संवाददाता
मुगु, ९ वैशाख

उत्तरी चीनसँग जोडिने महत्त्वपूर्ण व्यापारिक नाका नाकच्यालाग्ना जोड्ने सडक निर्माण कार्य अत्यन्त सुस्त गतिमा अघि बढिरहेको छ ।

१० वर्षको अवधिमा जम्मा १७ किलोमिटर मात्रै ट्र्याक खोलिनु विकासको गति निकै कमजोर भएको संकेत हो ।

गमगढी-नाकच्यालाग्ना ९१ किलोमिटर सडक परियोजना जुम्ला सडक डिभिजन कार्यालयअन्तर्गत निर्माणाधीन छ ।

साइट इन्जिनियर दीपक चौधरीका अनुसार २०७२ सालदेखि हालसम्म करिब ६० करोड रुपैयाँ खर्च हुँदा पनि सीमित प्रगति मात्रै भएको छ ।

पर्याप्त बजेट अभावका कारण निर्माण कार्यले गति लिन नसकेको बताइएको छ । नाकच्यालाग्ना परियोजना कार्यालय मुगुमै स्थापना गर्ने योजना भए पनि हालसम्म कार्यान्वयन नभएकाले जुम्लाबाटै अनुगमन र मूल्याङ्कन गर्नुपर्ने बाध्यता छ ।

यसले समयमै निरीक्षण र स्तरोन्नति कार्यमा कठिनाइ थपेको इन्जिनियर चौधरीले उल्लेख गरे उनले परियोजनालाई प्रभावकारी बनाउन गमगढीमै कार्यालय स्थापना आवश्यक रहेको बताए ।

हाल थोदुङ्कक्याराभान जेभीले मुगमकार्मारोङ गाउँपालिकाको छाँयाल क्षेत्रसम्म सडक निर्माण गरेको छ । चालु आर्थिक वर्ष २०८२/८३ मा १.२ किलोमिटर चट्टानी भिर विस्फोट गरी बाटो विस्तार तथा साढे सात किलोमिटर सडकमा ग्राभेल र नाला निर्माणका लागि साढे छ करोड रुपैयाँ विनियोजन गरिएको छ ।



तर निर्धारित समयभित्र काम सम्पन्न हुन नसक्दा निर्माण कम्पनीहरूले म्याद थप गरी काम अगाडि बढाइरहेका छन् ।

थोदुङ्कक्याराभान जेभीका सञ्चालक कार्मा तामाङका अनुसार नेपाली सेनाको सहयोगमा चट्टानी भागमा विस्फोट कार्य सुरु गरिएको छ र स्काभेटर मार्फत सडक विस्तार भइरहेको छ ।

स्थानीय पत्रकार विनोदकुमार मल्लले हालको गतिमा सडक निर्माण सम्पन्न हुन अझै धेरै समय लाग्ने बताउँदै छिटो प्रगति सुनिश्चित गर्न नेपाली सेनालाई जिम्मेवारी दिनुपर्ने सुझाव दिए ।

नाकच्यालाग्ना नाका कर्णाली प्रदेशको सम्भावित प्रमुख आम्दानी स्रोतका रूपमा हेरिएको छ । सडक निर्माण सम्पन्न भएमा जडीबुटी लगायत नेपाली उत्पादन चीनतर्फ निर्यात तथा चीनबाट सामान आयात गर्न सहज हुने अपेक्षा गरिएको छ ।

यस नाकाबाट मुगु, हुम्ला लगायत कर्णाली प्रदेशका करिब १० जिल्लाका नागरिक लाभान्वित हुने भएकाले संघीय सरकारले पर्याप्त बजेट विनियोजन गरी निर्माण कार्यलाई तीव्रता दिनुपर्ने माग स्थानीयले गरेका छन् ।

# विद्यालयमा न्यून विद्यार्थी संख्या, नीतिगत सुधारको आवश्यकता

काँक्रेविहार संवाददाता
सल्यान, ९ वैशाख

जिल्लाका सामुदायिक विद्यालयहरूमा विद्यार्थी संख्या न्यून देखिएपछि विद्यालय समायोजन, शिक्षक व्यवस्थापन तथा शैक्षिक नीतिमा पुनरावलोकन आवश्यक रहेको देखिएको छ ।

शिक्षा विकास तथा समन्वय इकाइ सल्यानको शैक्षिक सत्र २०८२ को तथ्यांकअनुसार जिल्लामा रहेका चार सय ३२ विद्यालयमध्ये एक सय ७६ विद्यालयमा ५० भन्दा कम विद्यार्थी अध्ययनरत छन् ।

त्यस्तै दुई सय ६६ विद्यालयमा एक सय भन्दा कम विद्यार्थी रहेका छन् जसले शैक्षिक स्रोतको प्रभावकारी उपयोगमा चुनौती खडा गरेको छ । स्थानीय तहगत रूपमा हेर्दा बागचौर नगरपालिकामा ६८ विद्यालयमध्ये ३० विद्यालयमा ५० भन्दा कम र ३९ विद्यालयमा एक सय भन्दा कम विद्यार्थी छन् । बनगाड कुपिण्डे नगरपालिकाका ६५ विद्यालयमध्ये २४ विद्यालयमा ५० भन्दा कम र ३९ विद्यालयमा एक सय भन्दा कम विद्यार्थी अध्ययनरत छन् । त्यस्तै, शारदा नगरपालिकामा रहेका ५६ विद्यालयमध्ये २७ विद्यालयमा ५० भन्दा कम र ४० विद्यालयमा एक सय भन्दा कम विद्यार्थी छन् ।

कपुरकोट गाउँपालिकाका २३ विद्यालयमध्ये ७ विद्यालयमा ५० भन्दा कम र ११ विद्यालयमा एक सय भन्दा कम विद्यार्थी छन् भने कालीमाटी गाउँपालिकाका ५१ विद्यालयमध्ये २८ विद्यालयमा ५० भन्दा कम र ३४ विद्यालयमा एक सय भन्दा कम विद्यार्थी रहेका छन् । अन्य स्थानीय तहहरूमा पनि यस्तै अवस्था देखिएको छ । त्रिवेणी गाउँपालिकाका २८ विद्यालयमध्ये ११, छत्रेश्वरी गाउँपालिकाका ४० मध्ये २०, सिद्धकुमाख गाउँपालिकाका २३ मध्ये १०, कुमाख गाउँपालिकाका ४७ मध्ये १४ र दार्मा गाउँपालिकाका ३१ मध्ये पाँच विद्यालयमा ५० भन्दा कम विद्यार्थी अध्ययनरत छन् ।

विशेषगरी ग्रामीण तथा दुर्गम क्षेत्रका विद्यालयहरूमा विद्यार्थी संख्या झनै न्यून देखिएको छ । विद्यालय संख्या धेरै भए पनि विद्यार्थी कम हुँदा शैक्षिक गुणस्तर, शिक्षक व्यवस्थापन र स्रोत परिचालनमा समस्या उत्पन्न भएको सरोकारवालाहरू बताउँछन् ।

# 'स्थानीय तहमा छिटो निर्वाचन आवश्यक'



काँक्रेविहार संवाददाता
धनगढी, ९ वैशाख

शुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले प्रदेश तथा स्थानीय तहमा पनि छिटो नयाँ जनादेशमा जान आवश्यक रहेको बताएका छन् ।

मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा आज पत्रकारहरूसँग भएको छलफलमा उनले जनआन्दोलनको भावना अनुरूप सङ्घीय सरकार नयाँ जनादेशसहित अघि बढिसकेको उल्लेख गर्दै अब प्रदेश र स्थानीय तहमा पनि निर्वाचनमार्फत नयाँ जनादेश लिनुपर्ने आवश्यकता औंल्याए ।

भदौ २३ र २४ गतेको नवयुवाको आन्दोलनको भावना अनुसार सङ्घ सरकार गठन भएजस्तै स्थानीय र प्रदेश सरकारको निर्वाचन पनि चाँडो गर्नुपर्छ उनले भने यसका लागि सङ्घ सरकारले आवश्यक वातावरण तयार गर्नुपर्छ ।

अर्को प्रसङ्गमा मुख्यमन्त्री शाहले प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको पक्षमा प्रदेश सरकार दृढ रहेको स्पष्ट पारेका छन् ।

# एक भारी घाँसका लागि बाबुछोरा नै कर्णालीमा बगेपछि...

काँक्रेविहार संवाददाता
अछाम, ९ वैशाख

कुरा यही वैशाख ३ गतेको हो । यहाँको तुर्माखाँद गाउँपालिका-३ भैरवस्थान बल्देका ३५ वर्षीय पहलसिंह बुढा घाँस काट्न आफ्ना दुई छोराहरू दिलीप र नरेशलाई लिएर कर्णाली नदीपारि सुर्खेतको पञ्चपुरी क्षेत्र पुगेका थिए ।

आफ्नै काठे डुङ्गा लिएर घाँस काट्न गएका उनीहरूमध्ये जेठो छोरा १४ वर्षीय दिलीपले आफूभन्दा पहिले पालैपालो बुबा र भाइलाई पारि पठाएका थिए ।

अन्तिममा आफू तरे । नदी तरिसकेपछि पहलसिंहले कर्णाली नदीमा जाल थापे । त्यसपछि तीनै जनाले घाँस काटे । तीन भारी घाँस काटिसकेपछि साँझपख जेठो छोरा दिलीपले डुङ्गामा पालैपालो तीनै भारी घाँस तारे ।

घाँस तारेर बुबा र भाइ लिन दिलीप डुङ्गा लिएर पुनः कर्णाली पारि पुपे । साँझ झमक्क परिसकेको थियो । दिलीपले बुबालाई पालैपालो डुङ्गामा पारी पुऱ्याउने प्रस्ताव गरे । तर पहलसिंहले दिलीपलाई भने, "छोरा घाँस तार्दातार्दा तिमीलाई थकाइ पनि लागेको छ । रात परिसक्यो सबै जनासँगै जाऔं", दिलीपले 'हुन्न त्यसरी नजाउँ' पनि भने, तर बुबाले मानेनन् । नभन्दै नदीको बिच भागमा पुगेपछि डुङ्गा पल्टियो । डुङ्गा पल्टिनेबित्तिकै दिलीप पौडी खेल्दै जसोतसो नदी किनारमा निस्किए । रुँदै, गुहार्दै वरपरका मान्छेलाई खबर गरे । डुङ्गा पल्टिएर उल्टो भएपछि ११ वर्षका भाइ नरेश डुङ्गामै च्यापिए ।



पहलसिंहले कान्छो नरेशलाई बचाउन च्यापिएका ठाउँबाट निकालेर पिठ्युँमा बोके । अनि नदी पार गर्न पौडिन थाले । नदी पार गर्ने बेलामा पानीको बहावसँगै दुवै जना बेपत्ता भए । त्यस रातभरि परिवार र स्थानीय खोजीमा जुटे । कतै फेला परेनन् । सशस्त्र प्रहरी बल खप्तड गुल्मको विपद् उद्धार टोली, सुर्खेतबाट आएको गोताखोरको टोली, स्थानीय बासिन्दा र नेपाल प्रहरीको संयुक्त प्रयासमा निरन्तर खोजी गर्दा कर्णाली नदीको खोँचमा वैशाख ५ गते छोरा नरेश र ६ गते बुबा पहलसिंहको शव फेला पऱ्यो । बाबुछोराकै निधनपछि अहिले पहलसिंहको परिवारमात्रै होइन, पूरै गाउँ शोकमा छ । पहलसिंहको परिवारको मुख्य पेसा कृषि थियो । कर्णाली नदी किनारमा बसोबास गर्ने भएकाले उनीहरूको दैनिक जीवनयापन नदीमा माछा मार्ने र पशुपालन थियो । जेठो दिलीप बसुन्धरा मावि थालपाटामा कक्षा ८ मा अध्यनरत थिए ।

कान्छो नरेश भने कक्षा ४ मा अध्यनरत थिए । श्रीमान् र नाबालक छोराको निधनपछि पहलसिंहकी ३३ वर्षीया श्रीमती शान्तिकुमारी माझी (बुढा) अझै राम्रोसँग होसमा आएकी छैनन् । श्रीमान्को भरमा चलेको परिवारमा श्रीमान् नै नभएपछि कसरी जीविका चलाउने भन्ने चिन्ता थपिएको छ । पुल नहुँदा वारपार गर्न जोखिम

यस स्थानमा हालसम्म एउटा झोलुङ्गे पुलसम्म छैन । जसका कारण घरायसी कामकाजकै लागि वारपार गर्न ज्यान जोखिममा हिँड्नुपर्ने बाध्यता छ । कर्णाली नदीले घेरिएको यो ठाउँमा झोलुङ्गे पुल निर्माण गरिदिन पटकपटक आवाज उठाउँदा पनि कुनै सुनुवाइ नभएको स्थानीय दुर्गबहादुर बिसीले गुनासो गरे । अछामतर्फ बढी सुक्खा क्षेत्र भएकाले घाँस ल्याउन सुर्खेततर्फ जानुपर्ने बाध्यता रहेको उनको भनाइ छ । "घाँसको भारी कर्णाली पार गर्दै ल्याउनुपर्छ, कतिखेर के हुन्छ थाहै हुँदैन", उनले भने ।


## जनहितमा जारी सन्देश

- सडकको दायाँबायाँ जथाभावी सामाग्री नथुपारौं ।
- सडक छेउमा घरहरुको तलबाट सीधैं वर्षाको पानी सडकमा नझारौं, यसबाट चाँडै खाल्डाखुल्डी पर्न जाने हुदाँ पाइपको माध्यमबाट उचित निकासको व्यवस्था गरौं ।
- वर्षायाम (असारदेखि भाद्रसम्म) मा कुनै पनि कार्यका लागि सडक खन्ने, अनुमति दिन नसकिनेसमेत जानकारी यसै सूचनामार्फत गराईन्छ ।
- शारीरिक कम्जोरी तथा दृष्टिविहीन नागरिकलाई प्राथमिकता दिई सहयोग गरौं ।
- सडक छेउमा नाली पुरी घर जाने बाटो नबनाऔं ।
- राष्ट्रिय राजमार्गको सडक सीमा २५ मिटर दायाँ तथा २५ मिटर बायाँ भएका पक्की संरचना भत्काउनुहोला । तथा नयाँ निर्माण पनि नगर्नुहोला ।

कर्णाली प्रदेश सरकार
भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय, सुर्खेत

## सार्वजनिक सडक संरक्षण सम्बन्धी अत्यन्त जरुरी सूचना

१. सडक हाम्रो साझा सम्पति हो, यसको संरक्षण गर्नु हामी सबैको कर्तब्य हो
२. वर्षा याम तथा मनसुनको समयमा बाढी पहिरोको उच्च जोखिम हुने हुदा सडक यातायात गर्दा विशेष ध्यान पुर्याउनुहुन अनुरोध छ ।
३. वर्षाको कारण बाढीपहिरो आइ यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने तथा जिल्ला भित्रका कुनै पनि सडकहरु अवरुद्द भएमा तथा सडक पुल तथा झोलुंगेपुलहरुमा क्षेती भएको थाहा पाउने बित्तिकै तुरुन्त यस कार्यालय तथा सम्बन्धित निकायमा खबर गर्नुहुन अनुरोध गरिन्छ ।
४. सडकको क्षेत्रा धिकार र सार्वजनिक सडकको रेखदेख, संभार र अन्य व्यवस्था साथै सार्वजनिक सडकको आवागमनमा बाधा पुर्याउने मालबस्तु हटाउन र स्वीकृति नलीइ सार्वजनिक सडक र सडकसीमामा कुनै किसिमको काम गर्न नहुने कुरा सार्बजनिक सडक ऐन२०३१ अनुसार हुने कुरा सूचित गरिन्छ ।

पूर्वाधार विकास कार्यालय
सल्यान

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# कर्णाली राजमार्ग अन्तर्गत मान्म-ताडी सडक जोखिम

कांक्रेविहार संवाददाता
कालीकोट, ९ वैशाख

कर्णाली राजमार्ग अन्तर्गत पर्ने मान्म-ताडी सडक खण्ड अहिले अत्यन्त जोखिमपूर्ण अवस्थामा पुगेको छ।

सडकको अवस्था दिनप्रतिदिन बिग्रँदै जाँदा यात्रु, सवारी चालक तथा पैदलयात्री सबै त्रसित बन्न पुगेका छन्। सडकका धेरै स्थानमा किनार भत्किएको छ भने माथिबाट झरेका ढुंगा सडकभर थुप्रिएका छन्। त्यस्तै, सुरक्षा बार कमजोर भएकाले दुर्घटनाको जोखिम झन् बढेको छ। भीरालो भू-भाग र साँघुरो कच्ची सडकका कारण यात्रा झन् असुरक्षित बनेको स्थानीयको भनाइ छ।

स्थानीय तिलक चौलागाईंका अनुसार रातिको समयमा यात्रा गर्दा झन् बढी डर लाग्ने गर्दछ। कतिबेला माथिबाट ढुंगा खस्छ भन्ने थाहा हुँदैन तलको सुरक्षा बार पनि भरपर्दो छैन, बीच-बीचमा पानीले खाल्डा पारेको छ उनले बताए। अर्का स्थानीय रोशन पाण्डेले वर्षा सुरु नहुँदै सडकको अवस्था जीर्ण बन्दै गएको गुनासो गरे।

सानो पानी पर्दा पनि ढुंगा खस्ने र सडक अवरुद्ध हुने समस्या छ, बर्खामा झन् यात्रा गर्नै कठिन हुन्छ, उनले बताए।

स्थानीयका अनुसार निर्माण व्यवसायी वा सम्बन्धित निकाय कसको लापरबाही हो भन्ने स्पष्ट नभए पनि सडकको मर्मत र स्तरोन्नति प्रभावकारी रूपमा अघि बढ्न सकेको छैन।

जिल्ला प्रहरी कार्यालय कालीकोटका प्रमुख हिमबहादुर खत्रीले उक्त सडक जोखिमयुक्त भएकाले सचेतनामूलक सूचना टाँसिएको जानकारी दिए।

निर्माण पक्षसँग समन्वय भइरहेको र सुधारको प्रयास भइरहेको उनले बताए। वर्षायाम नजिकिँदै जाँदा पहिरो र ढुंगा खस्ने जोखिम अझ बढ्ने भएकाले यस सडक खण्डमा तत्काल मर्मत तथा संरक्षणको आवश्यकता देखिएको छ।

अन्यथा, कर्णाली प्रदेशको राजधानीसँग कालीकोट, जुम्ला र मुगु जिल्लाको सिधा यातायात सम्पर्क प्रभावित हुने सम्भावना बढ्दै गएको छ।

## पहुँचमैत्री...

भएका व्यक्तिहरू लाइसेन्स लिनबाट वञ्चित भइरहेका छन्।'

अपांगता भएका व्यक्तिहरूले सवारी चालक अनुमति-पत्र (लाइसेन्स) प्राप्त गर्ने प्रक्रियामा सहजीकरण गर्न सरकारसँग आग्रह पनि गरेका छन्। लिखित परीक्षा र प्रयोगात्मक (ट्रायल) अभ्यास दुवैमा पहुँचमैत्री वातावरणको अभावका कारण अपांगता भएका व्यक्तिहरू लाइसेन्स लिनबाट वञ्चित भइरहेको उनीहरूको भनाइ छ।

अपांगता भएका व्यक्तिहरू पनि अन्य नागरि कसरह सवारी साधन चलाउन सक्षम हुने भएकाले उनीहरूलाई अवसरबाट वञ्चित गर्नु अन्यायपूर्ण हुने अपांग सशक्तिकरण केन्द्रका अध्यक्ष पूर्णप्रसाद आचार्यले बताए। हाल प्रयोगमा रहेका ट्रायल सेन्टरहरू पनि अपांगता मैत्री नभएको उनको गुनासो छ।

'संविधानले सुनिश्चित गरेको समान अधिकार कार्यान्वयनका लागि पनि यस्तो व्यवस्था आवश्यक छ' उनले भने, 'अपांगता भएका व्यक्तिहरूलाई अवसर दिने हो भने उनीहरू आत्मनिर्भर बन्न सक्छन्। राज्यले नीतिगत सुधार गर्दै व्यवहारिक रूपमा पनि पहुँच सुनिश्चित गर्नुपर्छ।'

उनीहरूले सम्बन्धित निकायलाई छिटो ध्यानाकर्षण गराउँदै नीतिगत सुधार, पूर्वाधार विकास र जनचेतनामूलक कार्यक्रममार्फत अपांगता भएका व्यक्तिहरूका लागि लाइसेन्स प्रक्रिया सहज बनाउन आग्रह गरेका छन्।

यता यातायात व्यवस्था कार्यालय सुर्खेतका प्रमुख मुकुन्दनाथ योगीले अपांगतामैत्री पूर्वाधारको अभाव, ट्रायल सेन्टरमा अनुकूल सवारी साधन नहुनु तथा प्रशिक्षित जनशक्तिको कमी पनि प्रमुख समस्या रहेको बताए। अपांगता भएका व्यक्तिहरूले लाइसेन्स प्रक्रियामा सहभागी हुनै कठिन हुने अवस्था नभए पनि केही सहजता बनाइदिन आवश्यकता देखिएको उनको भनाइ छ।

'स्पष्ट कार्यविधि निर्माण गरी अपांगता भएका व्यक्तिहरूका लागि लाइसेन्स प्रक्रियालाई सहज, समावेशी र पहुँचयोग्य बनाउन सरकारले ध्यान दिनुपर्छ' उनले भने, 'तर सकेसम्म कानूनी प्रावधानको प्रभावकारी कार्यान्वयन, पूर्वाधार सुधार र जनचेतना अभिवृद्धिमा जोड दिइएको छ।'

# कर्णालीमा बालविवाह उच्च, सचेतना कार्यान्वयन मुख्य चुनौती

कांक्रेविहार संवाददाता
सुर्खेत, ९ वैशाख




वीरेन्द्रनगर-३ की बिनु थापा १७ वर्षकै उमेरमा विवाह गरिन् २५ वर्ष नपुग्दै तीन सन्तानकी आमा बनिसकेकी उनी भन्छिन्।

सानैमा बिहे हुँदा बाल्यकालका सबै रहर जिम्मेवारीमा बदलिए। यस्तै अनुभव रमा विकको पनि छ, जसले १६ वर्षमै विवाह गरिन् र अहिले दुई सन्तानकी आमा बनिसकेकी छन्।

उनी भन्छिन् समयमै सचेतना पाएको भए सानैमा विवाह गर्ने थिइनँ। यी उदाहरण मात्र नभई कर्णाली प्रदेशमा बालविवाह व्यापक रहेको तथ्यांकले देखाउँछ। राष्ट्रिय जनगणना २०७८ अनुसार कर्णालीमा १५ वर्ष नपुग्दै विवाह गर्ने दर २ प्रतिशत छ, जसमा महिला ३.१ प्रतिशत र पुरुष ०.६ प्रतिशत छन्। १८ वर्ष नपुग्दै विवाह गर्ने दर २०.१ प्रतिशत छ भने २० वर्ष नपुग्दै विवाह गर्ने दर ४३.६ प्रतिशत पुगेको छ। जिल्लागत रूपमा हेर्दा सल्यानमा ४३.३ प्रतिशत, रुकुमपश्चिममा ४२.३ प्रतिशत, जाजरकोटमा ४०.८ प्रतिशत, सुर्खेतमा ३८.७ प्रतिशत, मुगुमा ३५.९ प्रतिशत, डोल्पामा ३२.१ प्रतिशत, हुम्लामा ३३.७ प्रतिशत, जुम्लामा ३४.७ प्रतिशत, दैलेखमा ३५.२ प्रतिशत र कालीकोटमा २८.१ प्रतिशत बालविवाह हुने गरेको पाइएको छ। बालविवाह तोडेर बालिकालाई पुनः विद्यालय वा घर फर्काउनु चुनौतीपूर्ण रहेको सरोकारवालाहरूले बताएका छन्।

वीरेन्द्रनगरमा आयोजित बालविवाह, बाल यौन दुर्व्यवहार तथा बालअधिकार सम्बन्धी कार्यशालामा सहभागीहरूले कर्णालीमा बालविवाह रोक्न व्यापक पहल आवश्यक रहेको बताएका हुन्।

प्रदेशका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीका अनुसार चेतनाको अभाव, आर्थिक कमजोरी, सामाजिक परम्परा र देखासिकीका कारण बालविवाह बढिरहेको छ।

उनले स्थानीय सरकारसँग सहकार्य गरी सचेतनामूलक कार्यक्रम प्रभावकारी बनाउन प्रयास भइरहेको जानकारी दिए।

राष्ट्रिय बालअधिकार परिषद्की सदस्य सचिव इन्द्रादेवी ढकालले बालविवाहले घरेलु हिंसा बढाएको बताउँदै नीतिको जानकारी नागरिकसम्म नपुग्दा समस्या गम्भीर बनेको उल्लेख गरिन्। प्रविधिको दुरुपयोगले पनि पछिल्लो समय बालविवाह बढाउन सहयोग गरेको उनको भनाइ छ। वीरेन्द्रनगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद सापकोटाले बालविवाह न्यूनीकरणका लागि सबै पक्षको सहकार्य आवश्यक रहेको बताए।

विद्यालयस्तरमै सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा सहभागीहरूले जोड दिएका छन्। कर्णाली प्रदेश सरकारले बालविवाह अन्त्यका लागि "बालविवाह अन्त्य सम्बन्धी रणनीति-२०८२" कार्यान्वयनमा ल्याएको छ।

आगामी आर्थिक वर्षमा पनि सोही रणनीति अनुरूप कार्यक्रम सञ्चालन गरिने सामाजिक विकास मन्त्रालयले जनाएको छ।

नेपालको संविधानको धारा ३९ ले बालविवाहलाई निषेध गरे पनि व्यवहारमा यसको पूर्ण कार्यान्वयन हुन सकेको छैन।

स्थानीय तहहरूले विभिन्न कार्यक्रम सञ्चालन गरे पनि अपेक्षित प्रभाव देखिन सकेको छैन। समग्रमा, कानुनी व्यवस्था, नीति तथा कार्यक्रम भए पनि प्रभावकारी कार्यान्वयन र व्यापक जनचेतना अभिवृद्धि बिना बालविवाह अन्त्य चुनौतीपूर्ण बनेको देखिन्छ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/१/१०**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री कल्पान चन्द** धनी रहेको, **दर्ता नम्बर** ९१७९/०७८/०७९ बाट **वीरेन्द्रनगर न.पा.-३ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **कल्पना कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

घर घरमा हुलाक, मन मनमा हुलाक

छिटोछरितो, सस्तो, भरपर्दो र विश्वसनीय द्रुत हवाई डाँकसे वा (**Air Ems**) प्रयोग गरी चिठीपत्र, कागजात र सामानहरू स्वदेश तथा विदेशमा आदान-प्रदान गरौँ।

हुलाक निर्देशनालय, सुर्खेत
सम्पर्कः ०८३-५२०२३४/०८३५२०१७५

जनहितमा जारी सन्देश !

- चालु आर्थिक वर्षमा बनेका सडक र पुलको निगरानी बढाऔं।
- सबै सवारी साधन चालक महानुभावहरुले लेन अनुशासन कायम गरौं
- विकास निर्माण कार्यमा तपाई हामीले अनाश्वायक अवरोध नगरौं।
- सडक पेटी किनारामा जथाभावी सवारी साधन पार्किङ नगरौं।
- सडक पेटी किनारामा जथाभावी निर्माण सामग्री नराखौं।
- सडक पेटीमा जथाभावी व्यापार/व्यवसाय नगरौं।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्न हो।
- सडक निर्माण तथा संरक्षण कार्यमा सहयोग गरौं।

सडक डिभिजन
वीरेन्द्रनगर, सुर्खेत

जनहितमा जारी सन्देश !

- किसानलाई सम्मान गरौं।
- जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं।
- सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा पालिकालाई सहयोग गरौं।
- आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं।
- विद्यालय जाने सबै उमेरका बालबालिकाहरुलाई अनिवार्य विद्यालय भर्ना गरौं।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं।

छेडागाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
जाजरकोट
कर्णाली प्रदेश नेपाल




कांक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)